# नेपाल गजेट

## भाग ४

नेपाल सरकारद्धारा प्रकाशित

काठमाडौं माघ २३ गते २०१२ साल

### रक्षाविभागको विज्ञप्ति

पेन्सनरहरू मरेका ३५ दिनभित्र पाउने बाँकी पेन्सन लिन अड्डामा जाउ पर्नें वर्षा बाढीले बाटो तार घाट रोकिई वा अरू कुनै कारणले म्याद नाग्न गएमा निकाशालाई सदरैसम्म आउन परो ज्यादै पीर मर्का परिरहेको जाहेर भै सरकारबाट देहायबमोजिम गर्नें निर्णय भएको छ।

(१) पेंसेनर मरेको थाहापाउनु आवश्यकै हुनाले मरेका ३५ दिनभित्र उन्का इच्छावाला हकदारले आफना गाउँ घर मौंजाका तालुकदार जिम्मावाल जमीनदार जो छन् उन्को र अरू २ जना जानिफकार भलादमीको समेत यो



256

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पेन्सेनर यो मितिमा मरेको ठीक साँचो हो झुट्टा ठहरे ऐन सवालबमोजिम बुझाउँला भन्ने अधिकारपत्रका पीठ वा किनारामा लेखाई सहिछाप गराई लिखतैबमोजिम गर्नू गराउनू ।

(२) सो ३५ दिन नाघेका मितिले २ महिनाभित्र सो पेनसेन्को अधिकारपत्र पेन्सेन दिने अड्डामा बुझाई सवाल रुल नियमबमोजिम पाउने बाँकी पेन्सेन लिनू दिनू।

(३) सो म्याद् नघाइ लिन गएमा पाउने बाकी पेन्सेनको सैकडा १ एक रुपैयाँका दरले जरिवाना गरी लिई बाकी पेन्सेन दिने छन् ।

(४) यस भन्दा अधिकोलागि पेन्सेनर मरेका मितिले २ महीनाभित्र पेन्सेन पाउँ भन्ने उजुरी दर्खास्त निवेदन परेकोमा जरिवाना केही नगरी र सो म्याद पछि परेको र अब पर्न आउनेमा समेत पाउने पेन्सेनको सयकडा १ एक रुपैयाँका दरैं जरिवाना गरी लिई सवाल रुलले पाउने बाँकी पेन्सेन लिनू दिनू ।

(५) लेखिएबमोजिम दफा दफा खुलाई स्लीप छपाई पेन्सन जाइने अड्डाहरुमा पनि पठाई दिन अधिकारपत्र गै सकेकोमा पेन्सेन लिन आउँदा पेन्सेन दिने अड्डाले र अब अधिकारपत्र दिनेमा कम्याण्डरी कितापखानाले अधिकारपत्रमै सो स्लीप टाँसी छाप लगाई दिने गर्नु।

आज्ञाले –

देवीप्रसाद

का. मु. सेक्रेटरी – रक्षाविभाग.



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।